म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- १५२ २०८१ वैशाख ११ गते मंगलबार 23 April 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

विद्यार्थी भर्ना अभियान-२०८१

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

# आँचलले ९ जना स्रष्टालाई सम्मान गर्ने




*सम्मान तथा पुरस्कार बारे जानकारी दिनुहुँदै आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटा ।*

समाज संवाददाता

हेटौंडाः आँचल साहित्य कला पुञ्ज मकवानपुरले ९ जना स्रष्टालाई सम्मान गर्ने भएको छ। आँचलले स्थापना गरेको पुरस्कारमध्ये २०८० सालमा छनोट समिति गठन गरेर समितिले छनोट गरेका ९ जना स्रष्टालाई सम्मान गर्न लागेको हो ।

सोमबार हेटौंडा-४ स्थित सिस्नुपानी नेपाल र साहित्य संगम मकवानपुरको संयुक्त सभाहलमा पत्रकार सम्मेलनको आयोजना गर्दै आगामी शनिबार हुने वृहत् साहित्यिक तथा साँस्कृतिक कार्यक्रममा ९ वटा विधामा स्रष्टालाई सम्मान गर्न लागेको संस्थाकी अध्यक्ष भावना सापकोटाले जानकारी दिनुभएको छ । बालकुमारी जगन्नाथ भेटवाल स्मृति साहित्य सम्मान २०८० बाट रौतहट जिल्लाकी रेणुका जीसीलाई सम्मान गर्न लागेको अध्यक्ष सापकोटाले बताउनुभयो। हरिवंश भेटवाल र बिजुला भेटवालले स्थापना गर्नुभएको उक्त सम्मानको राशी १० हजार रुपैयाँ रहेको छ।

प्रतिभा धिताल छन्द सम्मान २०८० बाट नुवाकोट जिल्लाकी सुमित्रा सुमीलाई सम्मान गरिने भएको छ। मुना अर्यालले स्थापना गर्नुभएको छन्द सम्मानबाट नुवाकोटकी सुमीलाई १० हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिनेछ। ईश्वर लम्साल स्मृति पत्रकारिता पुरस्कारबाट सञ्चारकर्मी सरिता दहाललाई सम्मान गरिने भएको छ । अप्सरा तिमल्सिना लम्साल र प्रकाश लम्सालले स्थापना गर्नुभएको इश्वर लम्साल स्मृति सम्मानको राशि ७ हजार ५ सय रुपैयाँ रहेको छ ।

यस्तै, टीकादत्त मायादेवी कुलकुमारी साहित्य सम्मान २०८० बाट काठमाडौं महानगरपालिकाकी प्रभा बराललाई सम्मान गरिने भएको छ । रुकु कार्कीले स्थापना गर्नुभएको कुलकुमारी सम्मान २०८० बाट बराललाई ११ हजार १ सय ११ रुपैयाँ नगद राशि र सम्मापत्र प्रदान गरिने जनाइएको छ। अप्सरा तिमल्सिना स्मृति साहित्य सम्मान २०८० बाट काठमाडौं महानगरपालिकाका नेत्र एटमलाई सम्मान गरिने भएको छ । गंगाधर तिमल्सिना र यशोधरा तिमल्सिनाले स्थापना गर्नुभएको अप्सरा स्मृति सम्मानको राशि १५ हजार एक रुपैयाँ रहेको छ।

मंगलादेवी श्रेष्ठ स्मृति बाल प्रतिभा साहित्य सम्मान २०८० बाट मकवानपुरकी प्रसिद्धि लामिछानेलाई सम्मान गरिने भएको छ । देवप्रसाद श्रेष्ठले स्थापना गर्नुभएको मंगलादेवी साहित्य सम्मानबाट लामिछानेलाई ३ हजार ५ सय रुपैयाँ नगद राशि र सम्मानपत्रसहित सम्मान गरिने जनाइएको छ । यस्तै, मुक्तितारा नवप्रतिभा सम्मानबाट स्वस्तिका बानियाँलाई सम्मान गरिनेछ । मुक्तिगोविन्द वैद्य र तारादेवी वैद्यले स्थापना गर्नुभएको सम्मानबाट बानियाँलाई ५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिनेछ ।

सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान २०८० बाट मकवानपुरका साहित्यकार दीपक गौतमलाई सम्मान गरिनेछ। चन्द्रकिरण श्रेष्ठ र मेनुका श्रेष्ठले स्थापना गर्नुभएको सुन्तलीमाया स्मृति सम्मानबाट साहित्यकार गौतमलाई १० हजार रुपैयाँ नगर राशि र सम्मापत्र प्रदान गरिनेछ । यस्तै, आँचल साहित्य कला पुञ्जले स्थापना गरेको आँचल साहित्य सम्मान २०८० बाट हरिवंश भेटवाललाई सम्मान गरिनेछ । हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा हुने लागेको कार्यक्रममा स्रष्टा सम्मानसँगै बहस, एकल गायन प्रतियोगिता र रचन वाचन पनि हुने जनाइएको छ ।

# अनेरास्ववियुले माग्यो विद्यालयले लिने शुल्कको विवरण



*हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख सीताराम कोइरालालाई पत्र बुझाउँदै अनेरास्ववियु मकवानपुरका अध्यक्ष अमृत बर्तौला ।*

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुर जिल्ला कमिटीले जिल्लाभित्रका निजी तथा सरकारी विद्यालयले लिने शुल्कको विवरण माग गरेको छ। सोमबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर र हेटौंडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखालाई पत्र बुझाउँदै संगठनले जिल्लाभित्रका विद्यालयले लिने शुल्कको विवरण उपलब्ध गराउन माग गरेको हो ।

अनेरास्ववियु मकवानपुरका अध्यक्ष अमृत बर्तौला र सचिव रामचन्द्र भोलनसहितको टोलीले समन्वय इकाईका प्रमुख दीनानाथ गौतम र हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख सीताराम कोइराला समक्ष पत्र बुझाउँदै उक्त विवरण उपलब्ध गराउन माग गरेको हो। विद्यालयले लिने भर्ना, मासिक शुल्क तथा अन्य शुल्कसमेतको विवरण छिटो उपलब्ध गराउन माग गरेकोमा केही दिनभित्र आफुहरुलाई उक्त विवरण प्राप्त हुने आश्वासन दिएको सचिव भोलनले बताउनुभयो ।

उहाँले एक-दुईभित्र उक्त विवरण उपलब्ध नभए फेरी संगठनले कदम चाल्ने बताउनुभयो । पछिल्लो समय जिल्लाभित्रका केही विद्यालयमा विद्यार्थीहरुलाई विभिन्न शिर्षकमा रकम असुली गर्ने र विद्यालयहरुले फरक-फरक शुल्क गरेको गुनासो आइसकेपछि संगठनको ध्यानाकर्षण भएको भन्दै उक्त वितरण उपलब्ध गराउन माग गरिएको सचिव भोलनले बताउनुभयो । उहाँले उक्त विवरण प्राप्त भएपछि आफुहरु सम्बन्धित निकायमा उपस्थित हुने बताउनुभयो ।

यता उपमहानगरपालिकाले निजी विद्यालयले लिने शूल्कबारे निर्णय गर्न सकेको छैन। विद्यालयको वर्गीकरण गरेर शूल्क निर्धारण गर्नुपर्नेमा उपमहानगरले विद्यालय वर्गीकरणको प्रक्रिया ढिलो गरी सुरु गरेको छ । विद्यालय वर्गीकरणको प्रक्रिया चलिरहेकोले उपहानगरपालिकाले अघिल्लो शैक्षिकसत्रकै शूल्क लिन भनेको छ। सामुदायिक विद्यालयमा पनि निशूल्क शिक्षा भनिए पनि विद्यालय सहयोग शूल्क, अंग्रेजी माध्यममा पठनपाठन भएको भन्दै शूल्क लिने गरेको भनी आलोचना हुँदै आएको छ।

# नि:शुल्क शिक्षा उपलब्ध गराउन माग

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको भातृ संगठन नेपाल उत्पीडित जातीय मुक्ति समाजले नि:शुल्क शिक्षा उपलब्ध गराउन माग गर्दै बकैया गाउँपालिकामा ज्ञापनपत्र बुझाएको छ । सोमबार बकैया गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखलाई नेपाल उत्पीडित मुक्ति समाज मकवानपुरका उपाध्यक्ष पदम विकको नेतृत्वमा जिल्ला कमिटी र गाउँपालिका कमिटीले संयुक्तरुपमा ज्ञापनपत्र बुझाएको हो ।

नेपालको संविधान २०७२ को धारा ४० को उपधारा २ बमोजिम दलितका लागि नि:शुल्क शिक्षा दिने व्यवस्था भएको तर कार्यान्वयन नभएको भन्दै गाउँपालिकाले कार्यान्वयन गर्न माग गरिएको हो । संगठनको केन्द्रीय निर्देशनअनुसार बकैया गाउँपालिकाबाट ज्ञापनपत्र बुझाउन थालिएको र अन्य पालिकामा पनि नि:शुल्क शिक्षाको माग गर्दै ज्ञापनपत्र बुझाउने उपाध्यक्ष विकले जानकारी दिनुभयो । ज्ञापनपत्र बुझाएपश्चात् गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षबाट सकारात्मक प्रतिक्रिया आएको विकको भनाइ छ।

# बागमतीले शिक्षक बैंक स्थापना गर्ने

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाँउपालिकाले शिक्षक बैंक स्थापना गर्ने भएको छ। पालिकाले सोमबार एक सूचना जारी गर्दै शिक्षक बैंक स्थापना गर्ने जनाएको हो ।

पालिका शिक्षा समितिको गत चैत्र १७ गतेको निर्णयअनुसार 'शिक्षक बैंक व्यवस्थापन कार्यविधि, २०८०' बमोजिम शिक्षक बैंक स्थापना गर्ने निर्णय गरेको थियो। शिक्षक बैंक अन्तर्गत् 'शिक्षक प्रतीक्षा सूची' रहने जनाएको छ। पालिकाअन्तर्गत् रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक लामो समय विदामा बस्दा विदा अवधिभर उक्त प्रतीक्षा सूचीमा सूचीकृत शिक्षकलाई खटाइने जनाइएको छ ।

'सामुदायिक विद्यालयका शिक्षकहरुले शिक्षा ऐन तथा नियमावली बमोजिम पाउने विविध प्रकारका विदाहरु कुनै न कुनै बेला उपयोग गर्न पाउनेछन्', गाउँपालिकाको सामाजिक विकास शाखाको संयोजक कमान सिं पाखिनले भन्नुभयो- 'कतिपय विद्यालयमा रिक्त अस्थायी दरबन्दी रहेको अवस्था पनि छ।' यस्तो अवस्थामा शिक्षक बैंकले दैनिक शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिने र नवशिक्षकलाई थप शिक्षणको तयारीसँगै आर्थिकरुपमा पनि टेवा पुग्ने उहाँले बताउनुभयो ।

सूचनामा बालविकास केन्द्र सहजकर्ता, प्रावि, निमावि र मावि तहका लागि दरखास्त आह्वान गरिएको उल्लेख छ। बालविकास र गाउँपालिका अनुदानका लागि स्थायी अध्यापन अनुमतिपत्र अनिवार्य गरिएको शिक्षा शाखा प्रमुख प्रमोद राईले जानकारी दिनुभयो। अस्थायी र करारको लागि भने ऐन तथा नियमानुसार सिफारिस हुने उहाँले बताउनुभयो । निमावि र मावि तहको लागि विषयगत शिक्षक माग गरिएको छ। जसमा अंग्रेजी, गणित, विज्ञान र कम्प्युटर का लागि विषयगतरुपमा दरखास्त दिन सकिने सूचनामा उल्लेख गरिएको छ । शिक्षक बैंकअन्तर्गत् रहने शिक्षक प्रतीक्षा सूचीमा सूचीकृत हुन ईच्छुक र योग्यता पुगेका व्यक्तिहरुले गाउँपालिकामा सम्पर्क गर्न भनिएको छ। बागमती गाउँपालिकामा ५० वटा सामुदायिक विद्यालयहरु छन् । जसमा ३५ प्रावि, निमावि १० वटा र मावि ५ वटा रहेका छन् ।

# बागमतीले उत्कृष्ट शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, विव्यसलाई सम्मान गर्दै

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले उत्कृष्ट शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति (विव्यस) लाई सम्मान गर्ने भएको छ। गत मंगलबार पालिकाले एक सूचना जारी गर्दै आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत बजेट एवम् नीति तथा कार्यक्रमबमोजिम सम्मान गर्न लागिएको जनाएको छ ।

पालिकाले जेठ महिनाको पहिलो हप्ताभित्र सम्मान कार्यक्रम गर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले जनाकारी दिनुभयो। पालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत तथा सम्बद्ध उत्कृष्ट शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, विव्यस पदाधिकारी तथा उत्कृष्ट खेलाडी (विद्यार्थी) लाई प्रोत्साहन तथा सम्मान गरिने योजना रहेको घलानले जानकारी दिनुभयो ।

गाउँपालिकाको 'स्थानीय शिक्षा ऐन, २०७४' को दफा १८ को कार्यक्रम कार्यान्वयनसम्बन्धी विद्यालय कार्यसम्पादन निर्देशिका, २०८० मा उल्लेखित आधार तथा मापदण्डबमोजिम मूल्यांकन गरी सम्मानित हुनेको छनोट गरिने उहाँको भनाइ छ। बैशाख १४ गतेभित्र आधार, प्रमाणसहित विधागत विषयमा सम्मानको लागि पालिकामा दरखास्त दिन सूचनामा भनिएको छ।



# निवृत्त शिक्षक समाजमा दहाल

समाज संवाददाता

हेटौँडाः नेपाल निवृत्त शिक्षक समाजको जिल्ला कार्यसमिति मकवानपुरको अध्यक्षमा सीताराम दहाल चयन हुनुभएको छ । सोमबार हेटौंडामा भएको समाजको वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले दहालको अध्यक्षमा सर्वसम्मत २१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको महिला उपाध्यक्षमा सुभद्रा लामिछाने र पुरुष उपाध्यक्षमा ओम चौलागाईं चयन भएका छन् । सचिवमा पिताम्बर बास्तोला, सहसचिवमा शम्भुप्रसाद हुमागाईं, कोषाध्यक्षमा सरोजकुमार श्रेष्ठ, र सहकोषाध्यक्षमा राजेन्द्र चिमरिया चयन भएका छन् । यस्तै, केन्द्रीय प्रतिनिधिमा शिवदयाल यादव र अर्जुन पोखरेल चयन भएका छन् । लेखा समितिमा सीताराम दहाल र शिव लामिछाने रहेका छन् । नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

समाजका निवर्तमान अध्यक्ष शिवदयाल यादवको सभाध्यक्षमा तथा निवृत्त शिक्षक समाजका केन्द्रीय अध्यक्ष ध्रुवराज शर्मा अर्यालको प्रमुख आतिथ्यमा वार्षिक सधारणसभा तथा अधिवेशको उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै केन्द्रीय अध्यक्ष शर्माले पुस्तक विमोचन गर्ने क्रममा शिक्षकहरुले आन्दोलन गरेको कारणले भर्चुअल माध्यमबाट बैठक बसेर विमोचन कार्यक्रमलाई स्थगित गरेको बताउनुभएको छ ।

नेपालको ७७ वटा जिल्ला र ७ प्रदेशमा निवृत्त शिक्षक समाजको समिति बनाउनका लागि आन्दोलन गर्ने योजना रहेको केन्द्रीय सदस्य अर्यालले बताउनुभयो । केन्द्रीय समितिको विधानअनुसार ५२ जिल्लामा क्रियाशील भएका जिल्लाका अध्यक्ष, सचिव, पर्यवेक्षक, अतिथि तथा केन्द्रीय पदाधिकारीहरुको उपस्थितिमा चैत ३ गते सम्पन्न पाँचौं राष्ट्रिय परिषद्का सुझावहरुलाई नीतिगत व्यवस्थाका लागि शिक्षा विधेयकमा समावेश गराउन मागपत्र पेश गरेको उहाँले बताउनुभयो ।

सेवा निवृत्त शिक्षकहरुलाई औषधी उपचारमा सहुलियत दिनुपर्ने माग गरिएको छ । सेवा निवृत्त निजामति कर्मचारीका लागि निजामति अस्पताल, त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरुका त्रि.वि. शिक्षण अस्पताल भएजस्तै शिक्षकको अस्पताल बनाउन आवश्यक रहेको बताइएको छ । सरकारी स्रोतबाट तलब भत्ता खाने निजामति, सैनिक, प्रहरी, प्राध्यापक तथा न्यायिक सेवामा कार्यरतहरुको सेवा अवधि ५८, ६०, ६३ र ६५ तोकिएको बताउनहुँदै २० वर्षदेखि ४० वर्षसम्मको अनुभव लिएको आधारमा निवृत्तपश्चात् सरकारले आफ्नो नीति कार्यक्रमको उद्देश्य प्राप्त गर्न विभिन्न आयोग, समिति, कार्यदल, अनुसन्धानमूलक कार्य आदिमा विज्ञका रुपमा प्रयोग गर्न माग गरिएको छ ।

शिक्षकहरुको क्षमता, योग्यताको आधारमा विद्यालयको पाठ्यक्रम निर्माण तथा परिमार्जन, शैक्षिक गुणस्तर निर्धारण, शैक्षिक अनुसन्धानको साथै संघीय, प्रदेश, जिल्ला तथा पालिकाहरुमा गरिने शैक्षिक अभिबृद्धिका कार्यक्रमहरुमा नीतिगतरुपमा सहभागिता गराउने व्यवस्था मिलाउनुपर्ने उहाँले बताउनुभयो ।

वंशगोपाल माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक रमेशप्रसाद लामिछानेले शिक्षकहरु सेवा निवृत्त भए तापनि नयाँ कुराको खोज र अध्ययन गर्नुपर्ने काममा लाग्नुपर्ने बताउनुभएको छ । सरकारले रोजगारी दिन नसकेको कारणले युवाहरु विदेशिने क्रम बढ्दै गएको लामिछाने बताउनुभयो । शिक्षा ऐनमै सेवा निवृत्त भएका शिक्षकहरुको उचित अवसर दिन आवश्यक व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।

कार्यक्रममा साहित्यकार जनार्दन खनाललाई सम्मानपत्रसहित सम्मान गरिएको थियो । कार्यक्रममा शिक्षक समाजका केन्द्रीय उपाध्यक्ष चुडामणि देवकोटा, केन्द्रीय सचिव अभिमन्यु गौतम र मकवानपुर जिल्लाका सदस्य खड्कबहादुर पुलामीको विशिष्ठ आतिथ्य रहेको थियो । कार्यक्रममा विभिन्न विद्यालयहरुबाट सेवानिवृत्त शिक्षकहरुको उपस्थिति रहेको थियो ।


# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले



ADMISSION OPEN
(From class Nursey to 9)
with day and full hostel facility.

Why choose us?

- Holistic educational approach.
- Safe, nurturing and inclusive environment.
- Strong parent-teacher collaboration.
- Affordable fee structure.
- Activity based learning.
- Well trained teachers.
- Affordable full hostel facility for senior and day hostel facility for junior students.

Makawanpur Bal Bidya Sadan
where learning begins....

9855013977, 9840504446
Hetauda-18, Khadkule


## मदन भण्डारीको...

काठमाडौं उपत्यका बाहिर देशैभरि गरी सयभन्दा बढी स्थानमा सरसफाइ अभियान सञ्चालनमा छन् । पछिल्लो समय नदी संरक्षणमा काठमाडौं महानगरका मेयर बालेन शाहको सक्रियता बढ्दो छ । महानगर आफैंले नदी सफाइ अभियानलाई तीव्रता दिँदै आएको छ ।

बागमतीलगायत काठमाडौं उपत्यकाका अन्य सहायक नदीबाट हालसम्म करिब २० हजार मेट्रिक टनभन्दा बढी फोहोर नदीहरूबाट निकाली व्यवस्थापन गरिएको छ । नदी किनारमा ६ हजारभन्दा बढी विभिन्न प्रजातिका बिरुवा रोपिएका छन् । यो अभियानको दबाब र अगुवाइमा नदी किनाराका सार्वजनिक जग्गा सरकारका नाममा फिर्ता ल्याउन सकिएको छ । अभियानको प्रभाव र सक्रियतामा विभिन्न सङ्घसंस्था तथा निकायले सामाजिक उत्तरदायित्व अन्तर्गत नदी किनारामा पुरातात्त्विक स्थलको संरक्षण तथा तीन दर्जनभन्दा बढी पार्कहरू निर्माण भएका छन् ।

बागमती सरसफाइमा सहभागी हुने र परोक्ष सहयोग गर्ने सबै यसका अभियन्ता हुन् । यस अभियानको मूल उद्देश्य भनेको विशुद्ध स्वयंसेवी भावनाको विकास गर्ने, स्वाभिमानी भावनाको विकास गराउने, हामी हाम्रो काम आफैँ गर्न सक्छौँ भन्ने भावनाका साथ राष्ट्र निर्माणमा निस्वार्थ समर्पण हुने युवा जनशक्ति निर्माण गर्ने हो ।

सरसफाइका लागि निम्न सचेतना आवश्यक छ :

१) घरबाट निस्कने फोहोरलाई घरमै वर्गीकरण गरी कुहिने फोहोरलाई अर्गानिक मल बनाई कौसी खेती गर्ने ।

२) प्लास्टिक, फलाम र कागजलाई बिक्री गर्न सकिने भएकाले त्यो फोहोरलाई मोहोर बनाउने ।

३) घर-आँगन, गाउँसहर, सार्वजनिक स्थल, मठमन्दिर र नदीहरू सफा राख्न आफू अग्रसर भई अरूलाई पनि प्रेरणा दिने ।

४) यात्रा गर्दा सवारी साधनभित्रको फोहोर सवारीसाधनभित्रै तोकिएको ठाउँमा मात्र फाल्ने परिपाटीको विकास गर्ने ।

५) बागमती, सहायक नदीहरू र देशका सम्पूर्ण नदी तथा सार्वजनिक स्थलहरु सफा र संरक्षण गर्ने अभियानमा लाग्ने ।

६) प्लास्टिक नजलाउने, प्लास्टिकजन्य वस्तु जलाउनु हुँदैन भन्ने चेतना सबैमा जगाउने ।

७) वायु प्रदूषण घटाउन आफ्नो तर्फबाट भरपूर प्रयास गर्ने ।

८) आफ्नो सामाजिक सञ्जालमा हप्तामा कम्तीमा एकपटक सफाइ र वातावरण संरक्षणमा प्रभाव पार्ने सन्देश राख्ने ।

९) फोहोर व्यवस्थापनमा मेरो जिम्मेवारी भन्ने भावनाको विकास गर्ने ।

१०) आफ्नो बासस्थान, कार्यस्थल र सार्वजनिक स्थल वरिपरि तथा नदीनालाहरु सफा राख्ने अभियानमा लाग्ने ।

*(लेखक चन्द बागमती सफाइ महाअभियानका अभियन्ता हुन् । स्रोतः रातोपाटी)*


विद्याधनम् सर्वधनम् प्रधानम् ।।

**विद्यार्थी भर्नासम्बन्धी सूचना**

**शैक्षिक सत्र २०८१ का लागि निशूल्क भर्ना, पाठ्यपुस्तक, भोजन तथा आवासीय सुविधा समेत निशूल्कसहित संस्कृत वेद विद्यालयमा कक्षा-५ देखि कक्षा-८ सम्म भर्ना खुल्यो । सीमित सिट भएकोले यथाशिघ्र सम्पर्क गरी भर्ना गराउनु हुन विद्यार्थी तथा अभिभावक वर्गमा जानकारी गराइन्छ । व्यक्तित्व विकासका लागि संगीत, योग तथा कम्प्युटरसम्बन्धी विशेष प्रशिक्षणको समेत व्यवस्था गरिएको छ ।**

**सम्पर्कः ९८५५०-६७३२३/९८४५५-३५४३४**

**श्री संस्कृत वेद विद्यालय**

**हेटौंडा-१०, गोरक्षेश्वर दिव्यधाम, राप्तीतट**


# वृद्ध तामाङ मृत फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका-५, जम्बोमा एक जना वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्नेमा बाह्रबिसे नगरपालिका-८, पसलडाँडा बस्ने ७० वर्षीय सानुकान्छा तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

तामाङ मंगलबार लाँसाबगर खेतको डिलबाट भोटेकोशी नदीमा हाम फाली बेपत्ता भएकोमा आइतबार बिहान ११ बजेको समयमा भोटेकोशी नदिको बिच भागमा ढुङ्गामा अड्किएको अवस्थामा फेला परेका थिए । मुचुल्का, पोष्टमार्टम पश्चात शव आफन्तले बुझी लगेको प्रहरीले जानकारी दिएको छ ।


**श्री आधुनिक राष्ट्रिय माध्यामिक विद्यालय**

**मकवानपुर, हेटौंडा**

**शिक्षक आवश्यकता**

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०१/११ गते)*

**यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८१।०१।०७ गतेको बैठकको निर्णय अनुसार विद्यालयमा आवश्यक तपसिलका विषयका शिक्षकहरुको पदपूर्तिका लागि ईच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त माग गरिएको छ ।**

**विज्ञापन नं. : ०१/८०/८१**
पद : निमावि राहत तृतीय श्रेणी
विषय : गणित
आवश्यक संख्या : १ (एक)
न्यूनतम शैक्षिक योग्यता : गणित विषय लिई आइ.एड. वा सो सरह उत्तीर्ण गरेको (माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता)
तलव भत्ता : नेपाल सरकारले तोके बमोजिम
(शिक्षक सेवा आयोगको करार सूचीमा सुचिकृत हुनेहरुले विज्ञापन भएको ७ (सात) दिनभित्र दरखास्त दिइसक्नु पर्नेछ ।)

**विज्ञापन नं. : ०२/८०/८१**
पद : मावि निजी श्रोत
विषय : कम्प्यूटर
आवश्यक संख्या : १ (एक)
न्यूनतम शैक्षिक योग्यता : कम्प्यूटर विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको (माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता)
तलव भत्ता : व्यवस्थापन समितिले तोके बमोजिम

**विज्ञापन नं. : ००३।०८१**
पद : निमावि निजी श्रोत
विषय : गणित
आवश्यक संख्या : १ (एक)
न्यूनतम शैक्षिक योग्यता : गणित विषय लिई आइ.एड. वा सो सरह उत्तीर्ण गरेको (माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता)
तलव भत्ता : व्यवस्थापन समितिले तोके बमोजिम

**सबै विज्ञापनका लागि दरखास्तको अन्तिम मिति** : २०८१।०१।२४ गते कार्यालय समयभित्र
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
परीक्षा दस्तुर : रु. १,५००।- (एक हजार पाँच सय मात्र)
सम्पर्क मिति : २०८१।०१।२५ गते
परीक्षाको किसिम : लिखित, मौखिक तथा आवश्यक्तानुसार कक्षा अवलोकन
दरखास्त दिने स्थान : श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, विद्यालय प्रशासन
आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित तहको अध्यापन अनुमति पत्रको प्रतिलिपी (०१।८०/८१ का लागि मात्र), शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपीहरु १/१ प्रति ।
सम्पर्क : ०५७-५२०७६६, ९८११८८२२८६ (विव्यस अध्यक्ष), ९८४५०६०९३३ (प्र.अ.)

**प्रधानाध्यापक**
**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
**हेटौंडा-४, मकवानपुर**






**यस विद्यालयका सहायक प्रधानाध्यापक श्री खडानन्द सुवेदीको पिता श्री कृष्ण प्रसाद सुवेदीको ७४ वर्षको उमेरमा भएको निधनको खबरले सम्पूर्ण विद्यालय परिवारलाई मर्माहत तुल्याएको छ । यस दुःखद घडीमा स-परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस । उहाँको चीर शान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।**

'सरसफाइ अनुशासन गुणस्तरीयता, बज्रवाराही मा.वि. को प्रतिवद्धता'

**श्री बज्रवाराही माध्यमिक विद्यालय**

थाहा नगरपालिका-६ टिष्टङ बज्रवाराही मकवानपुर

## भुटनदेवी माविमा प्रवेश परीक्षा

# ६३९ सहभागी, ३८९ जना सफल



प्रवेश परीक्षा दिँदै विद्यार्थी ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले सोमबार प्रवेश परीक्षा लिएको छ। आवेदन फारम भरेका ८ सय २१ जना मध्ये प्रवेश परीक्षामा ६ सय ३९ जना विद्यार्थी सहभागी भएका थिए। विद्यालयले ४ सय ५० जना विद्यार्थी भर्ना लिन सक्ने जनाए पनि प्रवेश परीक्षामा ३ सय ८९ जना मात्रै सफल भएको विद्यालयले जनाएको छ। विद्यालयले प्रवेश परीक्षाको नतीजा सोमबार साँझै सार्वजनिक गरेको छ ।

यसअघि ३ सय विद्यार्थी भर्ना गर्ने योजनामा रहेको भुटनेदवी माविले ३ वटा नयाँ कक्षाकोठाको व्यवस्थापन गरेर ४ सय ५० विद्यार्थी भर्ना गर्ने तयारी गरेको हो। विद्यार्थीको चापका आधारमा आवश्यक भयो भने व्यवस्थापन समितिका अध्यक्षको कार्यकक्षलाई पनि विद्यार्थीको कक्षाकोठामा परिणत गरिने विद्यालयले जनाएको छ । "विद्यार्थीको चापका आधारमा आवश्यक भए अध्यक्षको कार्यकक्षलाई कक्षाकोठामा परिणत गर्न भनिदिएको छु", विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले बताउनुभयो। कक्षा ७, ८ र ९ मा एउटा सेक्सन थप गर्ने तयारी भइरहेको विद्यालयले जनाएको छ ।

चालु शैक्षिक सत्र २०८१ मा विद्यालयले ३ वटा कक्षाकोठा थप गरेर ४ सय ५० विद्यार्थी भर्ना लिने योजना बनाएको हो। ५ कक्षादेखि ९ कक्षासम्म नयाँ भर्ना हुन चाहने विद्यार्थीका लागि प्रवेश परीक्षा लिइएको विद्यालयका सहायक प्रधानाध्यापक वेदराज कोइरालाले जानकारी दिनुभएको छ। प्रवेश परीक्षामा सहभागी हुने अधिकांश विद्यार्थी मधेश प्रदेशका छन्। कक्षा ८ मा सबैभन्दा बढी २ सय २० जना विद्यार्थीले प्रवेश परीक्षा दिएका छन् भने कक्षा ९ मा १ सय ६० जना विद्यार्थीले प्रवेश परीक्षा दिएका छन् । शैक्षिकसत्र २०८० मा २ हजार ६८ जना विद्यार्थी भर्ना भएका मध्ये १ हजार ७ सय ३४ जना विद्यार्थी वार्षिक परीक्षामा सहभागी भएका छन् ।

# बेवारिसे अवस्थामा अफिम फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-६, खयरघारीमा लागूऔषध अफिम बेवारिसे अवस्थामा फेला परेको छ । आइतबार राति ७ बजेको समयमा बयरको रुखको फेदमा निलो झोला रहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटी गई हेर्दा १ सय ९५ ग्राम लागुऔषध अफिम बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । बरामद भएको लागूऔषध अफिम इलाका प्रहरी कार्यालय मनहरीमा लगेर थप अनुसन्धान तथा बुझ्ने कार्य गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

# जनज्योति माविको अध्यक्षमा पुनः ढुंगाना

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१४, मयूरधापस्थित जनज्योति माविको विद्यालय व्यवस्थापन समिति अध्यक्षमा अध्ययनरत २ कक्षाका विद्यार्थी आर्नभ ढुंगानाका बुबा रामचन्द्र ढुंगाना चयन हुनुभएको छ। सोमबार बिहान बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले ढुंगानालाई दोस्रो कार्यकालका लागि सर्वसम्मत अध्यक्ष चयन गरेको हो ।

शनिबार भएको ३५ औं अभिभावक भेलाबाट ढुंगानासहित केदार थिङ, सोवी लामा र सञ्चमाया घलान व्यवस्थापन समिति सदस्य चयन भएका थिए । आइतबार बसेको व्यवस्थापन समितिको बैठकले कविता भण्डारी र विष्णुमाया घलानलाई सदस्यमा मनोनित गरेको थियो । व्यवस्थापन समितिमा वडाबाट वडाअध्यक्ष दीपक खड्का र शिक्षक प्रतिनिधि धनलाल बिक चयन हुनुभएको छ ।

कक्षा १२ सम्म पठनपाठन हुने जनज्योति माविमा शैक्षिक सत्र २०८० मा ६ सय १२ जना विद्यार्थी भर्ना भएका थिए । वार्षिक परीक्षामा कक्षा-१० सम्म ५ सय २१ जना विद्यार्थीले सहभागी भएको जानकारी गराउनुहुँदै विद्यालयका प्रधानाध्यापक भोगेन्द्र लुइटेलले ११ कक्षाका २७ जना र १२ कक्षाका २५ जना विद्यार्थीले वार्षिक परीक्षाको तयारी गरिरहेका छन् । चालु शैक्षिक सत्र २०८१ मा ७ सय ५० जना विद्यार्थी भर्ना गर्ने लक्ष्य रहेको नवनिर्वाचित अध्यक्ष ढुंगानाले बताउनुभएको छ ।

# १७ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडाः नेपालमा कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं वार्षिकोत्सवको अवसरमा नेकपा एमाले मकवानपुर जिल्ला कमिटीले सोमबार रक्तदान कार्यक्रम गरेको छ । हेटौँडा-५ स्थित पार्टी कार्यालयमा भएको कार्यक्रममा १७ जनाले रक्तदान गरेका छन्। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो । यस्तै मंगलबार पनि रक्तदान कार्यक्रम रहेको रक्तसञ्चार केन्द्र हेटौँडाले जनाएको छ ।

# बाँदर प्रभावित क्षेत्रमा कागतीको बिरुवा वितरण गरिँदै

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकाले बाँदर प्रभावित क्षेत्रमा कागतीको बिरुवा वितरण गर्ने भएको छ । शुक्रबार पालिकाले एक सूचना जारी गर्दै पालिकाको वडा नम्बर १, २ र ४ का स्थानीलाई कागतीको बिरुवा वितरण गर्ने भएको हो ।

गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत कृषि विकास कार्यक्रमको आन्तरिक स्रोततर्फ बाँदर प्रभावित क्षेत्रमा क्षति नगर्ने बालीमा प्रोत्साहन अनुदान कार्यक्रमअन्तर्गत् कागतीको बिरुवा वितरण गर्ने भएको हो । उक्त कार्यक्रममा इच्छुक कृषक, कृषि फर्म, कृषि सहकारी तथा कृषक समूहहरूले सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् वैशाख २१ गतेभित्र निवेदन दिनुपर्ने छ ।

पालिकाको वडा नम्बर १, २ र ४ बढी बाँदरले बालीमा क्षति पुऱ्याउने भएकाले कागतीको बिरुवा वितरण गर्न लागेको हो । रीत नपुगेको, म्याद नाघी प्राप्त हुन आएका आवेदनहरू छनौटको लागि समावेश नहुने ब्यहोरा समेत सूचनामा उल्लेख छ ।

# कालीदेवीको प्रधानाध्यापकमा जिम्बा नियुक्त



नवनियुक्त प्रधानाध्यापक हीरालाल जिम्बा ।

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिका-९ स्थित कालीदेवी माध्यमिक विद्यालयको प्रधानाध्यापकमा हीरालाल जिम्बा नियुक्त हुनुभएको छ । सोमबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले जिम्बालाई प्रधानाध्यापकमा नियुक्त गर्ने निर्णय गरेको हो ।

माध्यमिक तहको प्रधानाध्यापक मध्ये जिम्बा गाउँपालिकाकै कान्छो प्रधानाध्यापक बन्नुभएको छ। जिम्बा २६ वर्षको उमेरमा नै प्रधानाध्यापक बन्नुभएको हो। यसअघिका प्रधानाध्यापक हरिवंश चौधरीले राजीनामा दिनुभएपछि जिम्बालाई प्रधानाध्यापक नियुक्त गरिएको हो । यसअघि सहायक प्रधानाध्यापक र हनुभएका जिम्बाले विद्यालयमा शैक्षिक सुधार आवश्यक रहेको बताउनुभयो ।

कालीदेवी माविमै कक्षा १० सम्म अध्ययन गर्नुभएका जिम्बाले १२ कक्षा भूटनदेवी माविमा अध्ययन गरी स्नातक तह काठमाडौंको महेन्द्ररत्न क्याम्पसबाट गर्नुभएको थियो । २०७१ सालबाट १७ वर्षकै उमेरमा जिम्बाले सोही विद्यालयमा निजी स्रोतको शिक्षक भई अध्यापन गराउन थाल्नुभएको हो। २०७४ सालमा जिम्बाले करारमा कैलाश गाउँपालिकास्थित व्यास माविमा अध्यापन गराउनुभएको थियो । जिम्बा २०७५ सालमा स्थायी शिक्षक नियुक्त हुनुभएका जिम्बाले व्यास माविमा नै १ वर्ष अध्यापन गराउनुभयो । २०७७ सालमा सरुवा भएर जिम्बा कालीदेवी मावि आउनुभएको हो ।

कक्षा १० सम्म अध्यापन हुने कालीदेवी माविमा १६ जना शिक्षक छन् भने ३ सय ८० जना विद्यार्थी अध्ययनरत छन्। आफूले विद्यालयमा अध्यापन गराउन थालेपश्चात् कक्षा ८ को विद्यार्थीको नतिजामा केही सुधार आएको जिम्बाले दावी गर्नुभयो। गत वर्षहरूमा एसईईमा २-३ जनामात्र उत्तीर्ण हुने गरेकोमा यस वर्ष विद्यालबाट १८ जनाले एसईई परीक्षा दिएको जानकारी दिँदै १० जना विद्यार्थीको राम्रो अङ्क आउने आशा रहेको जिम्बाको भनाइ छ ।

विद्यालयमा शैक्षिक, भौतिक अवस्था सुधार गर्दै लैजाने जिम्बा बताउनुहुन्छ । 'आफ्नै गाउँको विद्यालयमा शिक्षामा सुधार गर्नुपर्छ भनेर मलाई जिम्मेवारी दिइएको छ, म पूर्णरुपले विद्यालयमा सशक्त भएर काम गर्नेछु,' जिम्बाले भन्नुभयो, 'विद्यालयमा देखिने भनेको ८ र १० कक्षाको परीक्षाको नतिजा भए पनि तल्लो तहबाट नै शिक्षामा सुधार गर्दै जानेछु ।'

# आगोले पोलेर बकैयाका क्षेत्रीको मृत्यु

समाज संवाददाता

हेटौँडाः काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिका-९, सिन्धुटारमा आगोले पोलेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुरको बकैया गाउँपालिका-७, मईमाछाका ३२ वर्षीय रामकाजी क्षेत्री रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आइतबार दिउँसो ३ बजेको समयमा मुक्पाटार चोपाटार खानेपानी योजनाको पाइप वेल्डिङ गर्ने क्रममा अचानक वेल्डिङ मेसिनमा आगोलागी हुँदा क्षेत्री घाइते भएका थिए । शरीरको विभिन्न भागमा जलेर गम्भीर घाइते भएपछि क्षेत्रीलाई उपचारको लागि मेथिनकोट अस्पताल भकुण्डे लगिएको थियो । उनको स्वास्थ्य अवस्था गम्भीर भएपछि थप उपचारको लागि कीर्तिपुर बर्न अस्पताल लगिएकोमा आइतबार राति १० बजेर २० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# ४० जनालाई निःशुल्क फुटबल प्रशिक्षण



समाज संवाददाता

हेटौँडाः हेटौँडा-८ मा रहेको कमाने फुटबल एकेडेमीले निःशुल्क फुटबल प्रशिक्षण गराउन सुरु गरेको छ। एकेडेमीले सोमबारबाट वडाभित्रका ४० जनालाई निःशुल्क प्रशिक्षण गराउन सुरु गरेको हो ।

सोमबार हेटौँडा-८ का वडाध्यक्ष रामकृष्ण थापा, वडा खेलकुद विकास समितिका अध्यक्ष उमेश थापा मगर र एकेडेमीका संयोजक रमेश थापाको उपस्थितिमा प्रशिक्षण क्याम्प सुरु गरिएको छ । हरेक दिन बिहान ६ बजेदेखि ८ बजेसम्म चल्ने प्रशिक्षणमा विनय कार्की र ज्ञानु क्षेत्रीले प्रशिक्षण गराउनुहुनेछ ।

प्रशिक्षणमा ८ देखि १६ वर्ष उमेर समूहका खेलाडीको संख्या बढी छ । प्रशिक्षणका लागि वडाले एकेडेमीलाई सहयोग गर्ने वडा खेलकुद विकास समितिका अध्यक्ष मगरले बताउनुभयो ।

# शिक्षकलाई उत्प्रेरणा तथा परामर्श तालिम

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिकाले पालिकामा रहेका ३७ वटा विद्यालयलका शिक्षकहरुका लागि आयोजना गरेको उत्प्रेरणा तथा परामर्शसम्बन्धी तालिम सुरु भएको छ । सोमबार कक्षा १ देखि ३ सम्म पढाउने ३६ जना शिक्षकहरुलाई परामर्श दिइएको गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयालले जानकारी दिनुभयो ।

तालिममा विद्यालय आउन मन नलाग्ने तथा मनोसामाजिक समस्या भएका बालबालिकाहरुलाई विद्यालय आउन कसरी सहज बनाउने भन्ने विषयमा परामर्श दिइरहेको उहाँले जानकारी दिनुभयो । तालिम आज मंगलबारसम्म चल्नेछ । प्रत्येक विद्यालयबाट एक-एक जना शिक्षकहरुलाई सहभागी गराइएको तालिममा मकवानपुरगढी गाउँपालिका-५ स्थित शारदा माविका शिक्षक भने उपस्थित नभएको फुयालले जानकारी दिनुभयो ।

गाउँपालिकाको शिक्षा शाखा प्रमुख रामबहादुर घलानको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा तालिमको उद्घाटन भएको थियो । तालिमको सहजीकरण शिक्षा नीति तथा अभ्यास केन्द्रका कार्यक्रम संयोजक टीका भट्टराईले गर्नु भएको छ। १४ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको भेलाबाट गाउँपालिकास्तरीय महासंघ बनाउने कार्यक्रम रहेको फुयालले जानकारी दिनुभयो ।

## लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं ।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं ।
- कानुनी शासन सुनिश्चित गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको सम्मान गरौं ।
- संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था सुदृढीकरणमा योगदान गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं ।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ